अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ०६/०७९/०८० **मितिः**२०७९/०६/१०

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**(१) स्थानीय विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा १७ बमोजिम यस अर्जुनधारा नगरपालिकामा नगर प्रमुखज्यूको अध्यक्षतामा निम्न बमोजिम स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**निम्नः**

नगर प्रमुख संयोजक

उप प्रमुख सदस्य

प्रमुख प्रशासकीय अधिकृत सदस्य

संयोजक, वातावरण विपद् हेर्ने कार्यपालिकाको विषयगत समिति सदस्य

नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको स्थानीय इकाईका प्रमुखहरु सदस्य

राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका नगर स्तरीय प्रमुख वा प्रतिनिधि सदस्य

निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगरतहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) -सदस्य

कार्यालयको प्राविधिक तथा योजना शाखाको प्रमुख सदस्य

पत्रकारहरुको नगरस्तरीय सञ्जालको प्रमुख वा प्रतिनिधि सदस्य

कार्यालयको विपद् फोकल पर्सन सदस्य सचिव

**(२) राहत तथा आर्थिक सहायता सम्बन्धि कार्यविधि सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को बुँदा नं झ, त, न मा उल्लेख भएका स्थानीय तहका अधिकार तथा काम कर्तव्यको कार्यान्यवनको शिलशिलामा नगरपालिकाबाट उपलब्ध गराइने राहत वितरणलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन,२०७७ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको राहत तथा आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

**(३) साझेदारीमा सञ्चालन गरिने योजना सम्बन्धि कार्यविधि सम्बन्धमा ।**

आर्थिक,सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र नगरपालिकाबीच अल्पकालीन वा दीर्घकालिन योजनाहरु सञ्चालन गर्न, स्थानीय सरकार सञ्चालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयनका लागि आवश्यक भएकाले, अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७७ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको अर्जुनधारा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ पारित गरियो ।साथै, कार्यविधि बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालनका गर्नका लागि प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**(४) साझेदारीमा योजना सञ्चालन गर्ने सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ताहरुसँग ६०/४० को अनुपातमा साझेदारी कार्यक्रम सञ्चालन गर्न रु १ करोड बजेट व्यवस्था गरिएकोमा सो बजेटबाट सञ्चालन गरिने आयोजनाका लागि उपभोक्ताहरुलाई आगामी कार्तिक १५ गतेसम्म म्याद दिई सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**(५) मर्मत सम्भार योजना सञ्चालन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका ७ नं वडा कार्यालयको च.नं.४७७ मिति २०७६/०६/०५ को प्राप्त पत्र बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ७ को डाँडागाउँ मिलडाँडा ज्योतिवस्तीका स्थानीयहररुबाट डाँडा गाउँ मिलडाँडा सडक खण्डको बिरिङ्ग पुल दक्षिण बिरिङ्ग खोलाको मध्य भागमा ठूलो मात्रामा नदीजन्य समाग्री थुप्रन गई खोलाको वहाव पूर्व पश्चिम किनारमा तर्फ गएको र उक्त कारणले खेतीयोग्य जमिन कटानको जोखिम उत्पन्न भएकाले तत्काल उक्त सामाग्री हटाई खोला सोझ्याउन निवेदन प्राप्त भएको सन्दर्भमा नगरपालिकाको व्याक हो लोडर मेसिन प्रयोग गरी उक्त स्थानबाट नदीजन्य पदार्थ उत्खनन गर्ने र उत्खनन गरिएको सामाग्री नगरपालिका भित्र तत्काल मर्मत गर्नुपर्ने सडकहरुको मर्मतमा देहाय बमोजिम प्रयोग गर्ने निर्णय गरियो ।

क. मर्मत सम्भारका लागि नगरपालिकाको मर्मत सम्भार कोष शीर्षकबाट प्रत्येक वडाका लागि रु १ लाखका दरले बजेट व्यवस्था गर्ने,

ख. उक्त योजना सञ्चालनका लागि सबै वडाहरुमा उपभोक्ता समिति गठन गर्ने,

ग. मर्मत सम्भारका लागि आवश्यकता अनुसार नगरपालिकाबाट व्याक हो, ग्रेडर तथा रोलर उपलब्ध गराउने,

घ. यस योजना सञ्चालन प्रयोजनका लागि उपभोक्ताको नगद साझेदारी अनिवार्य नगर्ने ।

**(६) खोला ठेक्का सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र भएर वहने बिरिङ्ग टाडटिङ्ग र ठूलो नेते खोलाबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिएका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्रीका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम जम्मा २२६२७५ घ.मी. नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीका लागि न्यूनतनतम कबोल अङ्क रु ३६५४८३९३.१९ (तिन करोड पैसट्ठी लखा अड्चालिस हजार तिन सय त्रियानब्बे रुपैया उन्नाइस पैसा मात्र) कायम गरी ठेक्का बन्दोवस्तीका लागि मिति २०७९/०५/०८ गते कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्याद भित्र श्री NRNN CONCRETE PVT LTD ले रु ४४१८३००१.१३ (चार करोड एकचालिस लाख त्रियासी हजार एक रुपैया तेह्र पैसा) एउटा प्रस्ताव पेश भएको । प्राप्त प्रस्तावको मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा रीतपूर्वक देखिएकाले स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि, २०७४ को दफा ९ बमोजिम ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

**(७) औद्योगिक ग्राम संरक्षण तथा तटबन्धनका लागि विनियोजित बजेट सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७९/०८० का लागि नेपाल सरकारबाट सशर्त समपूरक अनुदानमा अर्जुनधारा २ स्थित प्रस्तावित औद्योगिक ग्राम संरक्षण तथा तटबन्धन कार्यक्रमका लागि रु ८० लाख रकम विनियोजन भई आएकोमा नगरपालिकाको समपुरक कोषबाट रु ८० लाख विनियोजन गरी उक्त योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**(८) बेल्टार शनिश्चरे खानेपानी आयोजना विस्तार सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारबाट बेल्टार शनिश्चरे खानेपानी आयोजना विस्तारका लागि रु ८० लाख रकम विनियोजन भई आएको । सो आयोजना दुई फरक फरक आयोजना बेल्टार खानेपानी र शनिश्चरे खानेपानी गरी दुई फरक फरक आयोजना रहेको सन्दर्भमा दुवै खानेपानी समितिसँगको छलफलबाट बेल्टार खानेपानी आयोजना विस्तारका लागि रु ५० लाख र शनिश्चरे खानेपानी आयोजना विस्तारका लागि रु ३० लाख छुट्याउने सहमति भएकाले सोही सहमति बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**(९) पुराना बनेका घरहरुको अभिलेखिकरण सम्बन्धमा ।**

यस नगरपालिका भित्र नक्सा पास नगरी बनेका घर टहरा तथा संरचनाहरुको नगरपालिका भित्र अभिलेखिकरण गर्नु पर्नेमा हालसम्म पनि सबै घरहरुको अभिलेखिकरण नभएको पाइएकाले पुराना घरहरुको अभिलेखिकरण गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(१०) **विविधः**

१. अर्जुनधारा नगरपालिका वडा नं ५ स्थित बिरिङ्ग नदीमा गत असार महिनामा आएको बाढीले शहिद राजनगिरी मार्गमा पर्ने कज्वे आसपास अत्याधिक मात्रामा नदीजन्य पदार्थ थुपारेर खोलाको वहाव नै परीवर्तन गरी बाढी बस्ति तर्फ पस्ने जोखिम देखिएको हुनाले वडा कार्यालयबाट स्थलगत अनुगमन हुँदा तत्काल उक्त सामाग्री निकाल्नुपर्ने अवस्था देखिई नगरपालिकाको पूर्वाधार विकास समिति संयोजक एवं वडा समितिका पदाधिकारीहरुको रोहवरमा उक्त सामग्री उत्खनन गरी आवश्यकता बमोजिम नगरपालिमा भित्रका विभिन्न सडकहरुमा मर्मत सम्भारका लागि प्रयोग गरिएकोमा उक्त सामाग्री ढुवानी तथा सडक मर्मतमा खर्च भएको प्रमाणित बिल भरपाई, सम्बन्धित वडा कार्यालयहरुको सिफारिस पत्रका आधारमा प्रचलित कानून बमोजिमको रीत पुर्याई भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

२. अर्जुनधारा नगरपालिका वडा नं १० बस्ने श्री डम्बरबहादुर तामाङ्गले तत्कालिन शनिश्चरे गाउँ विकास समितिको कार्यालयमा स्थानीय शान्ति समितिको रोहवरमा मिति २०६७/१०/०९ गते जग्गा मुद्दाको छिनोफानोको सम्बन्धमा गाउँ विकास समितिको कार्यालयमा रु ५० हजार धरौटी राख्नु भएको र उक्त मुद्दाको सम्बन्ध समाप्त भएकाले उक्त धरौटी रकम फिर्ता पाउन निवेदन दिनु भएकोमा निजले पेश गरेको सक्कल धरौटी कागजात एवं कार्यालयको धरौटी अभिलेख बमोजिम निजको धरौटी फिर्ता गर्ने निर्णय गरियो ।

३. अर्जुनधारा नगरपालिका वडा नं ५ मा रहेको नवज्योति प्राथमिक विद्यालयमा शौचालय नभएकाले शौचालय निर्माणका लागि बजेट माग भई निवेदन प्राप्त भएकोमा उक्त विद्यालयमा शौचालय निर्माणका लागि लागत अनुमान तयार गरी आवश्यकता बमोजिमको रकम नगरपालकाको प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट बजेट व्यवस्था गरी सञ्चालन गर्ने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिका क्षेत्र भित्र हाल सञ्चालन भईरहेको निम्न बमोजिम खेलकुद प्रतियोगिता सञ्चालनका लागि निम्न बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
   क. नवयुवा क्लब, अर्जुनधारा -७, फुटबल प्रतियोगिता रु १ लाख
   ख. च्यारिटी युथ क्लब, अर्जुनधारा-३ महिला फुटबल प्रतियोगिता रु १ लाख
   ग. नगर खेलकुद महासंघ, अर्जुनधारा, तेक्वान्दो प्रतियोगिता रु २५ हजार

५. नजिकिँदै गरेको बडादशैं दीपावली छठपर्व लगायत नेपालीहरुको महान पर्वको उपलक्ष्यमा यो बैठक सम्पूर्ण नगरवासीमा शुभकामना व्यक्त गर्दछ ।चाडपर्वको समयमा हुनसक्ने कालोबजारी अखाद्य वस्तुको विक्री लगायतको सम्बन्धमा उप प्रमुखज्यूको संयोजकत्वमा बजार अनुगमन गर्ने तथा चाडपर्व सुरक्षा योजनाका सम्बन्धमा सरोकारवालहरुसँग छलफल गर्ने निर्णय गरियो ।